JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख १ गते बुधबार ❑ 14 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

हार्दिक मंगलमय शुभकामना

नव वर्ष- २०७८ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति समृद्धि र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

फेवा प्रकाशन प्रा.लि., पोखरा

पोखरापत्र दैनिक परिवार

## राष्ट्रिय सुरक्षाका विषयमा अत्यन्त होसियार हुनुपर्छ : प्रम

पोखरापत्र संवाददाता
पोखरा, ३१ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रियहितका विषयमा छलफल हुँदा सुरक्षामा मात्र होइन, सुरक्षासँग जोडिएर आउने विभिन्न आयामका सम्बन्धमा ध्यान पुऱ्याउन आवश्यक रहेको बताएका छन् ।

शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजमा सञ्चालित राष्ट्रिय सुरक्षासम्बन्धी उच्चस्तरीय तालीम समापन समारोहमा उनले हाम्रो जस्तो सानो र विकासमा पछि परेको मुलुकले राष्ट्रिय हित र राष्ट्रिय सुरक्षाका विषयमा अत्यन्त होसियार हुन आवश्यक रहेको धारणा व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले भने, "आन्तरिक सुरक्षाको प्रश्नमा कसैको स्वार्थका लागि हाम्रो भूमि आतङ्कवादको केन्द्र नबनोस्, अनुचित क्रियाकलापमा मुछ्ने, शान्ति सुव्यवस्था खलबल्याउने तथा भय एवं आतङ्कको वातावरण सिर्जना हुन नदिनेतर्फ हामी चनाखो हुनुपर्छ ।"

आतङ्कवादको कुनै सीमा नहुने हुनाले त्यसलाई हाम्रो मुलुकमा पस्न दिन नहुने बताउँदै उनले बताए, "आतङ्कवाद कहीँकतैबाट पनि पस्न नपाओस् ।" कुनै राज्यलाई अप्ठेरोमा पार्नुछ भने आन्तरिक द्वन्द्व र फाटो सिर्जना गर्ने गरेको बताउँदै प्रधानमन्त्री ओलीले इर्ष्या, अहङ्कार, पूर्वाग्रह, वैयक्तिक आत्मकेन्द्रित स्वार्थले द्वन्द्वलाई मलजल गर्ने धारणा राखे । उनले भने, "सुम्पिएको जिम्मेवारी पूरा नगर्ने तथा राजनीतिक पूर्वाग्रहका आधारमा काम गर्ने व्यक्तिले राष्ट्रिय एकतालाई बलियो बनाउँदैनन्, ती मुलुकलाई विभाजन गर्न खोज्ने तत्व हुन् ।" सामाजिक मूल्यमान्यतालाई साझा बनाएर एकतालाई कायम राख्न जरुरी रहेको बताउँदै प्रधानमन्त्री ओलीले भने, "हाम्रो आवश्यकता भनेका विविधतामा एकता हो । यथार्थ, विविधता र आवश्यकता एकता । विविधता सुन्दरता हो, एकता बल हो ।"

विविधता, सहअस्थित्व, सहकार्य, पारस्परिक सहयोग हाम्रा राष्ट्रिय पहिचान भएको बताउँदै उनले भने, "मुलुकको खतरा भनेको साम्प्रदायिकता हो, हिंसाको राजनीतिबाट नेपाललाई मुक्त गरिएको छ । हिंसा जनताको बाध्यता भए पनि छनोट हुन सक्दैन ।" लहड र रहरको रुपमा हिंसालाई कहिल्यै छनोट गर्न नसकिने बताउँदै प्रधानमन्त्री ओलीले भने, "हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध हाम्रो हितमा हुन्छ, राष्ट्रिय हित न्यायमा आधारित हुनुपर्छ ।"

राष्ट्रिय सुरक्षाको विषय शान्ति, सुरक्षा, जनताको चाहना, सुशासन, समृद्धि, भ्रष्टाचार नियन्त्रणसँग जोडिने बताउँदै उनले 'राष्ट्रिय हित र सुरक्षाको पाटो सेनाको एकल जिम्मेवारीबाट मात्र होइन, सरकार र नागरिक समाजको दायित्वभित्र पर्छ' भने । विसं २०७७ मा मेलम्चीको पानी आएको, रानीपोखरी उद्घाटन भएको तथा अरु विकास निर्माण र पूर्वाधार निर्माणका हिसाबले राम्रै रहे पनि कोभिड-१९ को प्रभाव र केही नेताको राजनीतिक छटपटीले देशलाई आक्रान्त तुल्याएको प्रधानमन्त्रीले धारणा राख्नुभयो । समारोहमा प्रधानमन्त्री ओलीले प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गरे । प्रधानसेनापति पूर्णचन्द्र थापाले मुलुकको सुरक्षा, विकास र समृद्धिको विषय सबै नागरिकको साझा दायित्व भएको बताए । उनले भने, "राष्ट्रिय सुरक्षाप्रतिको दायित्व अझ बढेको छ ।" राष्ट्रिय सुरक्षालाई सशक्त र बलियो बनाउन सरोकारवालाबीच समन्वय, सहकार्य र मतैक्यता हुनुपर्नेमा जोड दिँदै उनले भने, "राष्ट्रिय सुरक्षाको बहुआयामिक पक्षबारे जानकार हुनुपर्छ ।"

राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षाका विविध पक्षबारे जानकारी दिने, ज्ञान आदानप्रदान गर्ने तथा राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन, राष्ट्रिय सुरक्षा रणनीति तथा रक्षा नीति तर्जुमा गर्न सम्बन्धित पक्षबीच समन्वयात्मक कार्य गर्न सहज गर्ने उद्देश्यले सङ्घीय सरकारका विभिन्न मन्त्रालय, त्रिवि, तीनै सुरक्षा निकायका, सञ्चारगृहबाट २५ शिक्षार्थीको सहभागिता थियो ।

## एक महिनासम्म अनलाइन कक्षा सञ्चालन गर्ने सरकारको तयारी

रासस
काठमाडौं, ३१ चैत

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ को सङ्क्रमण बढ्न थालेपछि काठमाडौँलगायत देशका ठूला शहरी क्षेत्रका विद्यालय एक महिना बन्द गर्ने तयारीमा सरकार रहेको बताएका छन् ।

स्वास्थ्य पत्रकार मञ्च, नेपालले मंगलबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा उहाँले नयाँ खालको भाइरस बढ्दै गएपछि एक महिनासम्म अनलाइन कक्षा सञ्चालन गर्नेबारे मन्त्रिपरिषद् बैठक र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)मा समेत छलफल गरिएको जानकारी दिए ।

"शहरी क्षेत्रमा कम्तीमा एक महिनासम्म अनलाइन कक्षा सञ्चालन गर्ने कि भन्ने तयारी छ", उनले भने, "अनलाइनबाट कक्षा सञ्चालन गर्दा सात-आठ लाख विद्यार्थी घरमै रहेर पढ्ने र त्यसले २० प्रतिशत आवतजावतमा कमि आउने देखिएको छ ।" मन्त्री त्रिपाठीले अहिलेको नयाँ भाइरस (भेरियन्ट) युवा र बालबालिकामा पनि देखिएकाले डर लाग्दो रहेको बताए । "१८ वर्षभन्दा मुनिका बालबालिकाका लागि खोप विकास भएको छैन", उनले भने, "अहिले देखिने भाइरस बालबालिकामा पनि सर्ने भएको र उनीहरुलाई खोपसमेत लगाउन नमिल्ने भएकाले सङ्क्रमण दर फैलिन सक्ने सम्भावनालाई ध्यानमा राखेर अनलाइन कक्षा सञ्चालन गर्नुपरेको छ ।" यसै गरी मन्त्री त्रिपाठीले अहिलेको अवस्थामा सङ्क्रमण बढ्दै गए असारको अन्तिमसम्म छ लाख सङ्क्रमित पुग्ने प्रक्षेपण गरिएको जानकारी दिए । "अहिले सङ्क्रमण बढिरहेको अवस्थामा दैनिक ११ हजार र असारसम्म छ लाख सङ्क्रमित पुग्ने प्रक्षेपण गरिएको छ" उनले भने ।

उनले सङ्क्रमण बढ्न नदिनका लागि सीमा नाकाबाट आउनेको परीक्षण गर्ने र संक्रमण देखिएपछि आइसोलेशन सेन्टरमा राखिने बताए । उनले नेपाल भारतको मुख्य सीमा नाकामा एक हजार अट्ने खालको होल्डिङ सेन्टर राख्ने निर्माण गर्ने कार्य भइरहेको जानकारी दिए । उनले बन्दाबन्दी अवस्था आउनुभन्दा अगाडि नै रोकथाम र नियन्त्रण गरिने गरी तयारी गरिएको बताए । "गत वर्षदेखिको अनुभव र भौतिक पूर्वाधारको तयारीले हामी बन्दाबन्दीमा नगइकन रोकथाम र नियन्त्रण गर्न सक्षम छौं" उनले भने, "मुलुकलाई बन्दाबन्दीसम्म पुग्न दिदैनौं ।"

मन्त्री त्रिपाठीले सङ्क्रमणको दर बढ्दै गएकाले काठमाडौं उपत्यकामा रहेका अस्पताललाई तयारी अवस्थामा राख्न निर्देशन दिइएको जानकारी दिँदै पहिलेको भाइरसले एक जनाबाट ६ जनामा सङ्क्रमण सारे पनि अहिलेको नयाँ भाइरसले एक जनाबाट ४० जनामा सङ्क्रमण सार्न सक्ने बताउनुभयो । उहाँले अर्थतन्त्रभन्दा जनताको जीवन ठूलो भएकाले सरकारले जनताको जीवनलाई महत्वपूर्ण मानेर रोकथाम र नियन्त्रण गरिने बताए । भारतमा सङ्क्रमण बढेकाले खोप आउन ढिलाइ

मन्त्री त्रिपाठीले भारतमा सङ्क्रमण ह्वात्तै बढेकाले कोभिड-१९ को खोप आउन ढिलाइ भएको जानकारी दिए । "खोप उत्पादक

बाँकी अन्तिम पृष्ठमा ▶▶






# डढेलो नियन्त्रणमा सेनाको सक्रियता

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ चैत**

वनजङ्गलमा डढेलो लाग्ने क्रम बढेसँगै यसको नियन्त्रणमा नेपाली सेनाले सक्रियता बढाएको छ । डढेलोसँगै त्यसबाट हुने जनधनको क्षति न्यूनीकरणका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लास्थित गण, गुल्म, बाहिनी तथा पृतनामार्फत आगलागी नियन्त्रणका काम भइरहेको पश्चिम पृतना हेडक्वाटर विजयपुरका जनसम्पर्क अधिकृत मेजरप्रेमप्रसादपौडेलले बताउनुभयो।

एक महिनाअघि मनाङमा भएको आगलागीका साथै त्यसयता तनहुँ, कास्कीलगायतका विभिन्न जिल्लामा लागेको डढेलो नियन्त्रणका लागि तत्‌तत् स्थानस्थित नेपाली सेनाको गण, गुल्म, बाहिनी, तथा पृतनामा खटिएका नेपाली सेनाको टोलीले सक्रियताका साथ जिम्मेवारी निर्वाह गरेको उहाँले जानकारी दिनुभयो ।

केही दिनअघि तनहुँ जिल्लाका विभिन्न स्थानमा लागेको डढेलोका साथै पोखरा-१६ घार्मी, पोखरा-२६ स्थित टाइगर माउन्टेनस्थित जङ्गलमा लागेको डढेलो नेपाली सेनाको सक्रियतामा नियन्त्रणमा लिएको पौडेलले बताए ।

सोमबार राति पोखरा महानगरपालिका-२१ को जङ्गलमा लागेको आगो झण्डै पाँच घण्टाको समयावधिमा नियन्त्रणमा आएको थियो । सो आगलागी नियन्त्रणका लागि बेलुका ६ बजेदेखि फष्ट रेन्जर बटालियन, एयरपोर्टका मेजर सरोज नेपाल नेतृत्वको १२० जनाको टोली खटिएको थियो । उक्त स्थानमा आगलागी हुँदा यहाँका झण्डै ५० घरसमेत जोखिममा परेका थिए ।

# बगाले बगेडी चराको संरक्षणप्रति सरोकारवालाको चासो

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ चैत**

प्राकृतिक सौन्दर्यतामा मात्र नभई पर्यावरण र जैविक विविधतामा पनि उत्तिकै महत्वपूर्ण मानिने बगाले बगेडी चरा सङ्कटापन्न अवस्थामा पुगेपछि सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । पोखरा पक्षी समाज र नेपाल पक्षी संरक्षण सङ्घको संयुक्त आयोजनामा पोखरामा आयोजित बगाले बगेडी चरा संरक्षणमा सरोकारवालाबीचको अन्तर्क्रियामा सहभागीले चिन्ता र चासो व्यक्त गरेका हुन् ।

अन्तर्क्रियामा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ एवं गिद्ध विशेषज्ञ समूहका सदस्य कृष्ण भुषालले बगाले बगेडी भँगेरा आकारको रङ्गीन र आकर्षक चरा भएको जानकारी दिनुभयो । उहाँका अनुसार विशेषतः जाडोयाममा रुस, मङ्गोलिया, चीनलगायतबाट बसाइँसराइ गरेर नेपालमा आउने गर्दछ। पछिल्लो समय मानिसले मासुका लागि यस चराको बढी शिकार गर्ने थालेपछि अहिले यो चरा विश्वमै अतिसङ्कटापन्न अवस्थामा पुगेको छ । हरेक वर्ष चीनमा मनाइने ‘बाउल फेस्टिभल’ मा यसलाई खाने गरिन्छ । बर्डलाइफ इन्टरनेशनलका अनुसार त्यही फेस्टिभलका बेला एक वर्षमा करिब १० लाख वटासम्म बगाले बगेडीको शिकार हुने गरेको तथ्याङ्कले देखाएको छ।

उत्तरी भूगोलमा प्रजनन गर्ने ती साना आकर्षक चरा नेपालसहित दक्षिण र दक्षिण-पूर्व एशियाली मुलुकतिर जाडो छल्न आउने गरेको उहाँको भनाइ छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा महेश्वर ढकालले वातावरण जोगाउन सके चराचुरुङ्गीको बासस्थान जोगाउन सकिने बताउनुभयो । “वातावरणका बारेमा साझा चासो र चिन्ता आवश्यक छ, वातावरण जोगाउने जिम्मा सरकारको मात्र हो भनेर बुझ्नु हुँदैन यो सबैको साझा दायित्व हो”, ढकालले भन्नुभयो। उहाँले तालतलैयामा फोहर फाल्ने संस्कृति बढ्दै गएको र सिमसार मासिदै जाँदा बासस्थान विनाश र अव्यवस्थितरूपमा विषादीको प्रयोगलगायतका कारणाले बसाइँसराइ गरी आउने पाहुना चरालाईप्रभावपारेकोबताउनुभयो।

बर्ड एजुकेशन सोसाइटीका चितवनका अध्यक्ष रमेश चौधरीले नेपालमा ८८६ प्रजातिका चरा अभिलेखीकरण भएको जानकारी दिनुभयो। उहाँका अनुसार विश्वमा ११ हजार २२५ प्रजातिका पक्षी छन् । नेपालमा डाँफे, मुनाल, चिरफेजन, खर मयुर, सेतो गरुड, कालो गरुड, सानो खर मयुर र राजधनेस गरी नौ प्रजातिका पक्षीलाई संरक्षित पक्षी भनी घोषणा गरिएको छ। काँडे भ्याकुर नेपालमा मात्र पाइने पक्षी हो ।

ग्रिष्म ऋतुमा ६२ प्रजातिका चरा नेपाल आउने गरेका छन् भने हिउँद ऋतुमा १५२ प्रजातिका पक्षी जाडो छल्न आउने गर्दछन् । त्यसैगरी ५० प्रजातिका चरा बटुवाका रूपमा आउने गरेको अभिलेख रहेको छ भने ७९ प्रजातिका चरा भने फिरेन्तरूपमा देखिने गरेका छन् । नेपालमा आठ प्रजातिको चरा लोप भइसकेको आशङ्का गरिएको छ । पोखरामा ४७२ प्रजाति र चितवनमा ६९७ प्रजातिका चरा रहेको विज्ञको भनाइ छ ।

नेपाल पक्षी संरक्षण सङ्घका कार्यक्रम संयोजक मित्र पाण्डेले सन् २००४ देखि २०१७ सम्म तथ्याङ्कलाई विश्लेषण गर्दै २०१७ मा आइपुग्दा बगाले बगेडी अतिसङ्कटापन्न अवस्थामा रहेको उल्लेख गर्दै यसको संरक्षणमा सरोकारवालाले चासो दिनुपर्नेमा जोड दिनुभयो। पोखरा पक्षी समाज पोखराका अध्यक्ष मनशान्त घिमिरेले पोखरा नौ तालको शहर भएकाले यस क्षेत्रमा उक्त चराका लागि उपयुक्त बासस्थान भए पनि चोरीशिकारी, वातावरण प्रदूषण, अव्यवस्थित बसोबास, सिमसार क्षेत्र पुरिँदै जाँदा पाहुना चराको आगमन दर घट्दै गएको बताउनुभयो । घिमिरेले सानो चराले बर्सेनि गर्ने हजारौं किलोमिटरको साहसिक र जोखिमपूर्णयात्राआफैंमारोमाञ्चक रहेको जनाउँदै संरक्षणमा अन्तरदेशीयसमन्वय र सहकार्यको खाँचोसमेत औंल्याउनुभयो ।

# मुक्तक यात्रा कार्यक्रम पृथ्वीनारायण क्याम्पसमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ चैत**

मुक्तक मञ्च केन्द्रिय समितिद्वारा सञ्चालित कार्यक्रम ’मुक्तक यात्रा’ मंगलबार पृथ्वीनारायण क्याम्पसमा सम्पन्न भएको छ ।

मुक्तक कसरी लेख्ने, कसरी वाचन गर्ने र समग्रमा मुक्तक भनेको के हो ? बिषयक जानकारी गराउने हेतुले सञ्चालित मुक्तक यात्रामा झण्डै छ दर्जन भन्दा बढि बिद्यार्थी सहभागी रहेका थिए। कार्यक्रममा मञ्चका केन्द्रिय सल्लाहकार लक्ष्मण थापा र केन्द्रिय अध्यक्ष रामजी प्रसाद आचार्यले महत्वपूर्ण मुक्तक सम्वन्धित प्रशिक्षण राखेका थिए।

थापाले समवृत्तमा आधारित मानक मुक्तक आफैमा पूर्ण र मुक्त एवं प्रभावशालि रहने बताएका थिए भने आचार्यले मुक्तक वाचन शशक्त हुनुपर्ने कुरामा जोड दिए भने यस



कार्यक्रमलाई क्याम्पस, बिद्यालय विभिन्न बिशेष स्थानमामा सञ्चालन हुदै आएको जानकारी दिए ।

‘मुक्तक यात्रा’ कार्यक्रममा नविन भण्डारी, राम कुमार श्रेष्ठ फुच्चे, विकास गौतम, गौरव ढुङ्गाना, सौगात तिमिल्सिना र कृष्णा पौडेललगायतले मुक्तक वाचन गरेका थिए त्यस्तै शंकर गौतम, रश्मी रोका, सरुना रोका, प्रभात पुन,मसिना गैरे, प्रस्तुति रोका, उषा नेपाली भिनमाया सुनार, रोशनी गुरुङ, राधा घर्ति मगर, राज कुमारी पुर्जा, सुवास पौडेल, सुदिन ओझा, शान्ति गुरुङ, शर्मिला पुन, कविता विक, जमुना अम्गाई, सिमा पुन, दिपेश राई र राम प्रसाद पौडेल लगायतका विद्यार्थीहरु सहभागी थिए ।

श्रीराम अधिकारी गोर्जेको संयोजकत्वमा भएको कार्यक्रमको सञ्चालन लेखक तथा पत्रकार सचिव शरण सिँ बिकले गरेका थिए।

# एक महिना...

कम्पनीको स्थानीय एजेन्टले बिना लगानी १० प्रतिशत कमिशन मागेपछि २५ दिन ढिला भयो”, उनले भने, “तर सम्झौता हुने बेला भारतमा सङ्क्रमण बढेपछि त्यहाँका सरकारले आयात रोकिएका कारण नेपालमा खोप आउन सकेन ।” उहाँले चाँडै नै १० लाख मात्रा खोप ल्याउने जानकारी पनि दिए । स्वास्थ्य सचिव चाँडै

मन्त्री त्रिपाठीले मन्त्रालयले स्वास्थ्य सचिव पनि चाँडै नियुक्त गरिने जानकारी दिए । उनले मन्त्रालयमा रहेको स्वास्थ्य सचिवको दरबन्दी अहिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गएकाले नियुक्तीमा ढिलाइ भएको जानकारी दिए । “पहिले यहाँ रहेको स्वास्थ्य सचिवको दरबन्दी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गएको छ” उनले भने, “अब त्यो दरबन्दी यहाँ ल्याएर स्वास्थ्य सचिव हामी १०-१५ दिनमा नियुक्त गर्नेछौं ।”

# थप ५१७ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ३१ चैत**

पछिल्लो २४ घण्टामा थप ५१७ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय पाँच हजार २०३ को स्वास्थ्य परीक्षण गर्दा सो सङ्ख्यामा संक्रमण पुष्टि भएको हो।

जसमा चार हजार ३८६ जनाको पिसीआर र ८१७ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो। यसमध्ये सबैभन्दा धेरै काठमाडौँमा १६१, त्यसपछि ललितपुरमा २६ र भक्तपुरमा १२ थपिएका छन् । आजसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ८० हजार ९८४ पुगेको छ । त्यस्तै पछिल्लो समय थप १५३ जना निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या दुई लाख ७४ हजार ३१८ रहेको छ ।

निको हुने दर भने ९७ दशमलव ६ प्रतिशत छ। अहिले देशभर तीन हजार ६०८ सक्रिय संक्रमित छन् । उनीहरुमध्ये ८५ जना क्वारेन्टिनमा छन् । अन्य आइसोलेशनमा छन् । हालसम्म नेपालमा २३ लाख २१ हजार ६७० २८४ को पिसीआर परीक्षण भएको छ ।

त्यस्तै पछिल्लो समय कोरोनाका कारण पाँचको मृत्यु भएको छ। हालसम्मा तीन हजार ५८ ले कोरोनाको कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

# एनटिएचएमसि कलेजमा, “टक सो” र “सेफ कम्पिटिसन” सेफ सन्तोस साह प्रमुख जज्

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ चैत**

नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज (एन.टि.एच.एम.सि)ले पहिलो पटक “एन.टि.एच.एम.सि सेफ कम्पिटेसन-२०२१” कार्यक्रम शनिवार सम्पन्न गर्‍यो।

उक्त कार्यक्रममा प्रमुख अतिथिबिविसि मास्टर सेफ उपबिजेता सन्तोष साह, अतिथिहरु ग्लोवलनेपलीज सेफ फेडरेसनका अध्यक्ष सेफ लक्ष्मण प्रसाद भण्डारी, महासचिवसेफ मोहन गजुरेल, केन्द्रीय सदस्यसेफ विकासडंगोलरकेन्द्रीयसदस्यसेफ पशुपति पौडेललाई यसै कलेजमा अध्ययनरत पञ्च कन्याले अविर र आरतीले भव्य स्वागत गरेका थिए । उक्त स्वागत कार्यक्रममा कलेजका प्रिन्सिपल प्रकाश रेग्मी, प्रोग्राम कोअडिनेटर जोक बहादुर थापा लगाएतले फुलमाला र खादा लगाई दिएर अतिथिहरुको स्वागत गर्नुभएको थियो साथै उक्त कार्यक्रममा विद्यार्थी भाइबहिनीहरुले विभिन्न भेगका भेष भूषा झल्किने गरि सांस्कृतिक नाच देखाएर भव्य स्वागत गरेकाथिए । ६ फिट लामो केक “वेल्कम सेफ सन्तोस साह” लेखिएको केक काटेर



पनि स्वगत गरियो । कार्यक्रममा बोल्दै कलेजका अध्यक्ष अशोक पालिखेले नेपालकै पहिलो होटल म्यानेजमेन्ट कलेजले नेपालको मात्रै नभईकन विश्वकै चर्चित मास्टर सेफ सन्तोष साहलाई स्वागत गर्न पाउँदा अत्यन्तै खुसि भएको र उहाँका शुभ आर्शिवादले विद्यार्थीहरुलाई मार्ग दर्शनमिल्ने कुरा बताउनुभएको थियो।

उक्त कार्यक्रममा यसै कलेजका सेफ राजकुमार कार्कीले सेफ कम्पिटेशनमा भाग लिने विद्यार्थी भाइबहिनीहरुलाई भाग लिँदा अपनाउनुपर्ने विभिन्न नियमहरुको बारेमाउल्लेख गर्नुभएको थियो । साथै कलेजका प्रिन्सिपल प्रकाश रेग्मीले विद्यार्थीहरुलाई यो ठूलो अवसर मिलेको र बि.एचं.एम. दोश्रो, चौथो र छैटै सेमेस्टरका१८ जनाबाट पहिलो चरणमा छानिन सफल भएको र आजको यो कम्पिटिसनमा आफूमा भएको सीपको कुशल तवरले प्रस्तुति गर्न उत्प्रेरणा र शुभकामना दिनुभयो। साथै बेल बजाएर उक्त कम्पिटेशनको सुरुवात गर्दै मास्टर सेफ सन्तोष साहले कम्पिटिसनको सुरुवात गर्नुभयो । यसै गरि विद्यार्थीहरुको जिज्ञासालाई समाधान गर्ने क्रममा “मास्टर सेफसँग टल्क सो” कार्याक्रम पनि यसै दिनकलेजमा संचालन गरियो । उक्त टक सो कार्यक्रम विद्यार्थीहरु सोनिका श्रीस र प्रतिक गुरुङ्गले चलाएका थिए । कलेजका बिद्यार्थीहरुवाट जम्मा भएका करिव ८५ प्रश्नहरु मध्ये १० बटा बढी सोधिएका प्रश्नहरु मोडरेसन गर्ने विद्यार्थीहरुले सेफ सन्तोस साहलाई सोधेका थिए । प्रश्नहरुको उत्तर दिँदा सेफ सन्तोस साहले आफ्नो अनुभवका आधारमा बिभिन्न उदाहरणहरुका साथ अत्यान्त खुलेर उत्तरहरु दिए ।उनले हस्पिटालिटी इन्डूस्टीमा धैर्यता, सहनशिलता र सफलको बाटोमापुग्ने लक्ष्यनिर्धारण गर्नुपर्छ भन्ने कुरा बढीजोड दिए । सेफ कम्पिटेशनको निर्णायकमा सेफ सन्तोष साह, प्रिन्सिपलप्रकाश रेग्मी, सेफ लक्ष्मण भण्डारी र सेफ राजकुमार कार्कीले प्रथम, दोस्रो र तेस्रो हुने विद्यार्थीहरु छनोट गर्नुभयो । सोही कम्पिटिसनमा कृतिका गौचनप्रथम, साजन गुरुङ्ग दोश्रो र बिमला नेपाली तेस्रो हुन सफल भए । विजेता विद्यार्थी भाइबैनीलाई प्रमाणपत्र र शिलवितरण सेफ सन्तोस साह र प्रिन्सिपल प्रकाश रेग्मीले प्रदान गर्नुभएको थियो । करिवदिवा १ बजे देखी बेलुका७ बजे सम्म चलेको उक्त कार्यक्रममा यस कलेजका प्रिन्सिपल प्रकाश रेग्मीले अतिथिहरुलाई मायाको चिनो प्रदान गरि कार्याक्रम प्रस्तोता प्रीया र एलिना, सम्पुर्णलाई धन्यबाद दिदै र अव प्रत्येक वर्ष यस्तै कार्याक्रमकलेजले गर्ने भनाईका साथ कार्याक्रम समापन गरेका थिए।






**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सम्पूर्ण विश्व तराजुको एकपट्टि र मेरी आमा अर्कोपटिट् हुनुभयो भने विश्वले हार्ने छ । - लर्ड ल्याङडेल

## सम्पादकीय

# नयाँ वर्षको शुभकामना

शुभकामना नयाँ वर्षको नेपालीहरुले मान्दै आएको क्यालेण्डर आजबाट फेरिएको छ। नेपालमा विक्रमाब्दले चलनमा ल्याएको सम्वतलाई नै मानिदै आएको छ। नेपालले मानेको पात्रो २०७८ सुरु भएको छ। वि.स. २०७७लाई विदाई गरेर नयाँ वर्ष सुरु हुने गर्दछ। नयाँ वर्षको सुरुमै नयाँ कामको थालनी गर्ने, शुभकामना आदानप्रदान गर्ने काम हुने गरेका छन् । विदेशमा रहेका नेपालीहरुले समेत नयाँ वर्षको सुरुआतको अवसरमा विभिन्न कार्यक्रम गरी मनाउने गर्दछन्। नेपालले मानेको विभिन्न सम्वत मध्ये विक्रम सम्वतले सरकारी कामकाज मान्यता पाएको छ। हुनत अन्य सम्वतलाई पनि मान्यता दिइएको छ। विक्रमसम्वतले विशेष महत्व पाउदै आएको छ। २०७७ साल विश्वव्यापी रुपमा आएको कोरोना भाइरसले आतंक मच्चायो। कोभिड -१९ का विरुद्ध संसार एक भएर लड्नु पर्ने भयो।धनी र शक्तिशाली राष्ट्रले आफ्ना नागरिकलाई स्वास्थ्य उपचार र राहत दिएर सरकारको उपस्थिति देखाए।

गरिब तथा कमजोर मुलुकले जनतालाई राहत दिन, स्वास्थ्य उपचार र नियन्त्रणका लागि गरिएका कामले आफ्ना नागरिकलाई सन्तुष्ट राख्न सकेनन।नेपालको आर्थिक अवस्था निकै कमजोर बन्न पुग्यो। कमजोर स्वास्थ्य संस्थालाई सुधार गर्ने, स्वास्थ्यमा राज्यको लगानी बढाउनु पर्छ भन्ने बोध हुन सक्यो। देश हरेक क्षेत्रमा आत्मनिर्भर हुनुपर्छ भन्ने चेतको विकास हुन सकेको छ।विदेशबाट रोजगारी गुमाएर आउनेका लागि स्वदेशमा कसरी रोजगारी दिने, नागरिकलाई स्वास्थ्य मापदण्ड पालना गराउन अभियान चलाउने काममा राजनीतिक दल चुके। देश लकडाउनमा भएको बेला राजनीतिक दल सत्ता स्वार्थमा रुमलिन पुगे। जनताको साथी बन्नुपर्ने बेला सत्ता स्वार्थले गर्दा आहत पार्ने काम भयो। सत्तारूढ नेकपा सत्ता संघर्षमा रुमलियो।सबैभन्दा बढी आन्तरिक झगडामा फसेर बहुमत पाएको दल नेकपा विभाजित हुन पुग्यो। प्रतिनिधि सभा विघटन पछि दलहरूबीच ध्रुवीकरण भयो। सर्वोच्च अदालत गुहार्ने र सडकमा जाने काम भयो। सर्वोच्चले प्रतिनिधि सभा पुनःस्थापन गर्ने र नेकपा दल दर्ता बदर गरेर एमाले र माओवादी केन्द्र छुट्ट्याउने काम भयो। अदालतले संसद व्युउताउने र दल छुट्याउने काम भयो। जनतामा जानुपर्ने दल अदालत धाउने अवस्था आउनु नेकपा नेताहरूको सत्ता मोहको कारण हो।

प्राकृतिक विपत्ति, कोभिड-१९ ले पर्यटन, आर्थिक, सामाजिक र साँस्कृतिक, स्वास्थ्य, शिक्षा, हरेक क्षेत्रमा पारेको असरले जनतालाई निराश बनाउने काम २०७७ सालले गरेको छ। हरेक क्षेत्रमा निराशा र अस्थिरता ल्याउन खोजिएको बेला स्वास्थ्य संस्थालाई बलियो बनाउने गरि संरचना निर्माण थालिनु,सडक, पुल बन्नु, मेलम्चीको पानी काठमाडौंका जनताको धारामा झर्नु,भारतले मिचेको भुमि समेटिएको नक्सा जारी हुनु, संबिधान संशोधनदल एकमत हुनु। सकारात्मक काम हुन। राजनीतिक दलहरु सत्तामोहको कारण सरकार फेर्ने फोहोरी खेल भन्दा विकास र समृद्धिका लागि जनतामा जाने, संविधान कार्यान्वयनमा इमानदार हुन सकेमा नयाँ वर्ष आशा र उत्साहको वर्ष हुनेछ। नयाँ वर्ष सबै नेपालीको सुस्वास्थ्य, उन्नति, प्रगति र स्वाभिमानको वर्ष बन्न सकोस् शुभकामना।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सत्कार मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : मन चञ्चल |
| कर्कट | : शत्रुको भय | मकर | : शारिरीक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

**घर जग्गा खरिद बिक्री**

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# पानीका मुहान सुक्न थालेपछि गाउँलेलाई समस्या

–ध्रुवसागर शर्मा
गलेश्वर, ३१ चैत

म्याग्दीको बेनी नगरपालिका-३ तोराखेतका डिलबहादुर सापकोटालाई गाउँको कुवाबाट पानी पिएको अनि त्यही कुवाको पानीले रोपाइँ गरेको याद ताजै छ। तर आजभोली त्यो कुवा सुख्खा छ। घट्दैघट्दै अहिले त एक थोपा पानी छैन।

जलवायु परिवर्तन, वनजङ्गल विनास र मानवीय क्रियाकलापकै कारण गाउँका कुवा, पोखरी, इनार, खोला नदीको पानी घट्दै गएको छ। कतिपय खोला त मुहान सुकेर सुख्खा बनेका छन्। पानीका मुहान सुक्न थालेपछि जिल्लामा खानेपानीको समस्या बढदै गएको छ। खानेपानीको पर्याप्त सुविधा नभएका यहाँका विभिन्न क्षेत्रका दर्जनौं बस्तीमा कुवा, पँधेरो र पोखरीबाट पानी उपभोग गरिन्छ। वर्षौंदेखि खानेपानी उपभोग गर्दै आएका पानीका मुहान सुक्न थालेपछि पानीको समस्या चर्कदै गएको हो। वर्षातमा खानेपानीको समस्या खासै नहुने भए पनि सुख्खा मैसममा खानेपानीका मुहान सुक्न थालेकाले यहाँका स्थानीय बासिन्दा काकाकूल बन्ने अवस्था रहेको सापकोटाको भनाइ छ। "वर्षा पनि भएको छैन, पानीको मुहानको अभावले समस्या जटिल बन्दैछ" उहाँले भन्नुभयो। तोराखेतमा मात्रै होइन बेनपा- ६ थाकन पोखरी, मङ्गला गाउँपालिका-१ कुहूँ, बेनपा-१ अर्जमलगायत म्याग्दीमा दर्जनौं गाउँमा खानेपानीका मुहान सुक्दै गएपछि स्थानीय बासिन्दा खानेपानीको समस्या झेल्दै आएका छन्। पानीका मुहान सुक्न थालेपछि स्थानीयवासी पानीका लागि घण्टौं टाढाका पानीका मुहान धाउन थालेका छन्।

अधिकांश बस्तीमा कुवाँ र पोखरीबाट खानेपानी उपभोग गर्दै आएका स्थानीयवासी खानेपानीको मुहान सुक्दै गएपछि निकै चिन्तित बन्दै गएका छन् । जिल्लाको बेनी नगरपालिकासहित पाँच वटै गाउँपालिकाका विभिन्न बस्तीमा खानेपानीको अभावले स्थानीयवासी समस्यामा परेका हुन् । केही वर्षयता वातावरणीय प्रदूषण र प्राकृतिक विपत्तिका कारण यहाँको भूगोलमा पनि अप्राकृतिक समस्या देखिन थालेका वन तथा वातावरण क्षेत्रका जानकारहरुले बताउँदै आएका छन् । खासगरी २०७२ सालको भूकम्पयता म्याग्दीको लेकाली क्षेत्रमा समस्या देखिन थालेको वन तथा वातावरण क्षेत्रका जानकार नारायण शर्माले बताउनुभयो। त्यसैगरी गत वर्षको बाढीपहिरो र खडेरीले पनि मूल सुक्दै गएपछि यहाँ पानीको समस्या उत्पन्न भएको उहाँको भनाइ छ। "मूलहरु पुरिँदै गएका छन्, नयाँ स्रोत देखिएका छैनन्", उहाँले भन्नुभयो, "जनसङख्या र कृषि कर्म गर्नेको सङ्ख्या बढ्दै जाने तर पानीका स्रोत सुक्दै जाने हुन थालेपछि पानीको समस्या उत्पन्न भएको हो।" कालीगण्डकी, म्याग्दी नदी र रघुगङ्गाका जलाधार क्षेत्रमा मात्रै होइन, जिल्लाका अन्य ओसिला ठाउँमा रहेका सयौं पानीका मुहान सुकिसकेका स्थानीय तहका जनप्रतिनिधिले बताएका छन्।

आधुनिक प्रविधिको प्रयोग गरी पानीको वैकल्पिक व्यवस्था गर्न नसक्ने हो भने अवको केही वर्षपछि खानेपानीको हाहाकार उत्पन्न हुने उनीहरुको भनाइ छ। "खानेपानीको मुहान सुक्नुमा जलवायु परिवर्तन मात्र होइन, मानवीय क्रियाकलाप बढी जिम्मेवार देखिएको छ", प्राविधिकहरुले भन्नुभयो, "वनजङ्गल विनास र अनियन्त्रित विकास निर्माणले पानीका मुहानमा प्रतिकूल असर पारेको छ।" डोजरले सडक काट्दा जिल्लाका कतिपय ठाउँमा पानीका मुहान हराउन थालेका उनीहरुको भनाइ छ।

विकासको नाममा स्थानीय तहले डोजर आतङ्क मच्चाएका छन्। सडक खन्ने नाममा प्राविधिक रिपोट र वातावरणीय प्रभाव मूल्याङ्कन नगरी जथाभावी सडक खन्दा पानीका मुहान हराउन थालेका हुन् । मेसिनले सडक खन्दा पानीका मुहान सुक्नुका साथै मजदूरी गरेर गुजारा गर्दै आएका सर्वसाधारण मारमा परेका छन । जहाँ पानीका मूल र वन क्षेत्र छ, त्यही सडक लगेका छन् । यही गतिले सडक निर्माण गर्ने हो भने केही वर्षमा भू-क्षयको प्रवल सम्भावना रहेको स्थानीयवसीको भनाइ छ। जिल्लाका अधिकांश गाउँमा खानेपानीका आयोजना छैनन्। भएका योजना पनि मर्मत संभार र मुहान सुक्दा बन्द भएका छन् । अधिकांश विद्यालयमा समेत पानी छैन। डाँडामा रहेका विद्यालय नजिक पानीका मुहान नहुँदा बालबालिका घरबाटै बोकेर पानी लैजानु पर्ने बाध्यता रहेको छ।

# नव संवत्सर आरम्भ, सङ्कल्पमा 'राक्षस' उच्चारण हुने

पोखरापत्र संवाददाता
पोखरा, ३१ चैत

प्रत्येक वर्ष चैत्र शुक्ल प्रतिपदादेखि नयाँ संवत्सर शुरु हुन्छ । आज बिहानदेखि राक्षस नामको संवत्सर शुरु भएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । राक्षस नामको संवत्सर ६० संवत्सरमध्ये ४९औं संवत्सर हो।

सोमबारसम्म ४७औं प्रमादी नामको संवत्सर धार्मिक कर्मको सङ्कल्पमा उच्चारण गरिन्थ्यो। चैत्र शुक्ल प्रतिपदाका दिनमा जुन संवत्सरले भेट्छ वर्षभरका धार्मिक कर्ममा त्यही संवत्सरको उच्चारण गरिन्छ। चैत्र शुक्ल प्रतिपदामा ४८औं आनन्द संवत्सर नभेटेकाले ४९औं राक्षस संवत्ससर शुरु भएको समितिका अध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । यो तिथि क्षय भएजस्तै अवस्था रहेको समितिले जनाएको छ। समितिका सदस्यसचिव सूर्यप्रसाद ढुङ्गेल गणनाअनुसार गत चैत २३ गतेदेखि नै राक्षस नामको संवत्सर शुरु भएको बताउनुहुन्छ। चैत्र शुक्ल प्रतिपदाका दिन जुन संवत्सरले भेट्यो त्यही नाम वर्षभर उल्लेख गरिन्छ। गत वर्ष चैत्र शुक्ल प्रतिपदामा प्रमादी संवत्सर थियो । त्यसपछि आनन्द नामको संवत्सर आएर यस वर्ष चैत्र शुक्ल प्रतिपदा लाग्नुअघि नै राक्षस नामको संवत्सर शुरु भएको उहाँले सुनाउनुभयो । यस वर्ष राक्षस नाम गरेको संवत्सर रहेकाले अल्पवृष्टि भई अनाज उत्पादनमा कमी आउनेछ । समाज निर्दयी हुने, रोग, भय र महङ्गीले जनता आक्रान्त हुनेजस्ता फल बृहत्संहिता नामक ज्योतिषशास्त्रलगायत ग्रन्थमा उल्लेख गरिएको छ । धार्मिक कर्ममा सङ्कल्प गर्दा आजैदेखि राक्षस नामको संवत्सरको उच्चारण गरिन्छ। यो उच्चारण अर्को वर्ष चैत्र कृष्ण औँशीसम्म जारी रहन्छ।

ब्रह्मपुराणले चैत्रशुक्ल पतिपदाबाट सृष्टि आरम्भ भएको उल्लेख गरेको छ। भगवान् ब्रह्माले चैत्र शुक्ल प्रतिपदाबाट नै सृष्टि गरी सत्ययुगको प्रारम्भ भएको शास्त्रीय मान्यता छ। ज्योतिषमा चान्द्रमासको आधारमा चैत्र शुक्ल प्रतिपदाबाट कालगणना गरिन्छ। चान्द्रमासअनुसार चैत्र शुक्ल प्रतिपदाका दिन संवत्सर शुरु हुन्छ। विक्रमादित्यका नामबाट चलेको विक्रम संवत्मा सौरमासका आधारमा वैशाख महिनादेखि नयाँ वर्ष शुरु हुन्छ। यस वर्ष संयोगले संवत्सर आरम्भ र विक्रम संवत्को नयाँ वर्ष आरम्भ अघिल्लो दिन र भोलिपल्टदेखि शुरु हुँदैछ। आजका दिन प्रत्येक घरमा ध्वजा सजाउने प्राचीन परम्परा छ। ज्योतिषीको पूजा गरी वर्षफल श्रवण गर्ने, निमको पात खाने गरिन्छ। ऋतु परिवर्तनका बेला रुघाखोकी लाग्ने भएकाले पनि निमको पात खानुपर्ने विधान प्राचीनकालदेखि शुरु गरिएको हो। कोरोनाजस्ता रोगबाट बच्न पनि प्राचीनकालमा यस्तो परम्परा शुरु गरिएको आयुर्वेद शास्त्रीय मत छ। सिद्धान्त शिरोमणि नामको ग्रन्थमा भाष्कराचार्यले चैत्र शुक्ल प्रतिपदाका दिनदेखि संवत्सर आरम्भ भएको उल्लेख गर्नुभएको छ । यसबेला न चिसो न जाडोको अवस्था हुने भएकाले प्राकृतिकरूपमा पनि वसन्त ऋतुबाट नयाँ संवत्सरको आरम्भ भएको विश्वास गरिन्छ।

विसं अनुसारको नयाँ वर्ष वैशाख १ गते बुधबारदेखि शुरु हुँदैछ। वैशाख महिनाको देवता मधुसूदन, देवी मोहिनी र भानुः नामको सूर्य रहेको छ। नयाँ वर्ष आरम्भका बेला मेष राशिमा सूर्यः, मेष राशिमै चन्द्रमा र कुम्भ राशिमा वृहस्पति (गुरूः) रहने समितिले जनाएको छ । विसं हिन्दू पञ्चाङ्गमा आधारित नेपालको राष्ट्रिय पात्रो हो । यो प्राचीन हिन्दू परम्परा र वैदिक समयाङ्कनमा आधारित सौरमासअनुसारको पात्रो हो । यो ग्रेगोरियन पात्रो (अङ्ग्रेजी पात्रो) भन्दा ५७ वर्ष आठ महिना १५ दिन छिटो छ। यस पात्रोमा वर्षको शुरूआत वैशाख महिनाको पहिलो दिनदेखि हुन्छ। विसं सूर्यसँग सम्बन्धित भएकाले नक्षत्रका नाम पनि महिनासँग सम्बन्धित छन् । विशाखाबाट वैशाख, ज्येष्ठाबाट जेठ, पूर्वाषाढाबाट आषाढ आदि नाम रहेको हो। भारत वर्षमा राजा विक्रमादित्यले शुरुआत गरेको विक्रम संवत् नेपालमा आधिकारिकरूपमा चन्द्रशम्शेरको पालादेखि लागू भएको हो।

# पब्जी खेल्नेहरू शैक्षिक सामग्री खोज्न थाले

– तारानाथ आचार्य
बागलुङ, ३१ चैत

"कक्षा कोठामा अध्यापनका लागि पुग्नुअघि शिक्षकले पूर्वतयारी गरेनन् भने पाठ्यक्रमअनुसारको पठनपाठन प्रभावित हुन्छ। हरेक कक्षाको तयारी शिक्षक आफूले गरेपछि मात्रै विद्यार्थीलाई सिकाउन सक्छन्", रेश नुन्थला मावि काठेखोला गाउँपालिका-७ रेशका प्रधानाध्यापक ओमबहादुर थापा भन्नुहुन्छ, "कक्षा कोठामा पुगेर अध्यापनमा सहभागी कमै शिक्षकले पूर्वतयारी गर्छन्।"

कोरोना महामारीपछि शिक्षण सिकाइका विधि र शिक्षकको तयारीमा परिवर्तन आएको छ । अघिल्लो वर्ष चैतमा कोरोना रोक्न भएको बन्दाबन्दीको समयमा विद्यालयहरूले चलाएको अनलाइन कक्षाका कारण विद्यार्थी र शिक्षक दुवैको पढाउने र पढ्ने शैली फेरिएको थापा बताउनुहुन्छ । "अनलाइन कक्षाले शिक्षकहरूलाई पूर्वतयारी गर्न बाध्य बनायो, मोबाइल फोन हात पर्दा पब्जी र फ्रिफायर खेलमा झुम्मिने विद्यार्थी अहिले युट्युबमा पढ्ने सामग्री खोज्न थालेका छन्", प्रअ थापाले भन्नुभयो, "शिक्षकहरू जिम्मेवार र विद्यार्थी केन्द्रित हुने वातावरण बन्यो।" कोरोना समयमा प्रयोग भएको विधिलाई अहिले पनि विद्यालयले पछ्याइरहेको छ। रेश नुन्थला माविका सबै शिक्षक अहिले इन्टरनेटको प्रयोग गरेर आफू अद्यावधि रहने र विद्यार्थीलाई समेत सिकाउने गरेको थापाले बताउनुभयो। विद्यालयमा इन्टरनेटको पहुँच र विद्यार्थीसँग समेत इन्टरनेटको पहुँच हुँदा पठनपाठन प्रक्रिया सहज हुने गरेको अनुभव शिक्षण विष्णु गौतमसँग पनि छ । गौतम अहिले विद्यालयमा सबैभन्दा धेरै इन्टरनेटको प्रयोग गर्न सिपालु शिक्षकमा गनिनुहुन्छ । विद्यालयमा ४५२ विद्यार्थी छन्। कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई प्रविधिसँग जोडिन आग्रह गर्दा ७० प्रतिशत विद्यार्थीले सिकाइमा सहभागी भइरहेको अनुमान विद्यालयको छ । "अनलाइन कक्षा भनेको कक्षाकोठाजस्तो रहेन, त्रुटि हुँदाको घडीमा रेकर्ड रहने भएकाले शिक्षक जिम्मेवार बन्नैपर्‍यो", थापा भन्नुहुन्छ, "पाठ्यक्रममा तलमाथि पर्दा विद्यार्थी, शिक्षक र विद्यालय प्रशासन सबैलाई तत्कालै जानकारी हुन्छ।" विद्यार्थीले अनलाइनमार्फत शिक्षकले सिकाइका विषयवस्तु रेकर्ड गरेर राख्न सक्ने र दोहोर्‍याएर पढ्न सक्ने भएकाले यो विधि प्रभावकारी देखिएको थापाको दाबी छ। "तत्कालका लागि अनलाइन कक्षा सबै विद्यार्थीको पहुँचमा हुँदैन कि भन्ने थियो", वडाध्यक्ष प्रेम लामिछानेले भन्नुभयो, "चाहेदेखि हुँदोरहेछ, अभिभावक जिम्मेवार हुँदा सबै विद्यार्थीलाई पढाउन सकियो।" विद्यालय बन्द रहेको समयमा समेत पाठ्यक्रममा आधारित पठनपाठन निरन्तर चलेकाले अहिले पाठ्यक्रम सक्न र दोहोर्‍याउन सजिलो रहेको शिक्षकहरू बताउँछन्। विद्यालयले 'एक शिक्षक एक ल्यापटप कार्यक्रम' सञ्चालनमा ल्याएको छ। केही शिक्षकले ल्यापटप पाएका छन् भने केहीले पाउने क्रममा रहेको वडाध्यक्ष लामिछानेले बताउनुभयो । कक्षा कोठामा समेत प्रोजेक्टरको माध्यमबाट अध्यापन हुने भएकाले पनि शिक्षण सामग्री तयार गर्नुपर्ने बाध्यतामा शिक्षकहरू छन्।

# कोरोनाले फेरिदियो जिन्दगीको बाटो

– ध्रुवसागर शर्मा
म्याग्दी, ३१ चैत

काठमाडौंमा होटल व्यवसाय गरी बस्नुभएका म्याग्दीको बेनी नगरपालिका- २ बगरफाँटका दुर्गाबहादुर थापा सपरिवार गाउँमा फर्किएर केराखेती र कुखुरापालन गर्न लागेको ठीक एक वर्ष भयो। जीवनको उर्वर समय मलेशिया र विभिन्न खाडी मुलुकमा बिताउनुभएका ज्यामरुककोट सानालेखका ध्रुव थापा गत वर्षदेखि गाउँमै तरकारी खेती गरेर बस्नुभएको छ।

जिल्लाको बेनी नगरपालिका-३ भकिम्लीका धनबहादुर छन्त्याल विश्वव्यापीरूपमा कोरोना महामारी शुरु भएपछि कतारस्थित कार्यरत कम्पनी बन्द हुँदा गाउँ फर्केर फलफूल खेती र पशुपालनमा जम्नुभएको छ। त्यसैगरी मङ्गला गाउँपालिकाको अर्मनका सुरेश सापकोटा, मालिकाको देवीस्थानका जसबहादुर फगामी, रघुगङ्गाका सागर भण्डारी, अन्नपूर्ण गाउँपालिकाको शिखका टेकबहादुर बुद्धुजालगायत जिल्लाका तीसभन्दा बढी युवाले विदेश र शहरको बसाइँलाई बिट मारेर गाउँमा फर्किएका मात्रै होइनन्, कृषि र उद्योगजन्य व्यवसाय गरेर गाउँमा पनि पैसा कमाउन सकिन्छ भन्ने गतिलो सन्देश दिएका छन्। विदेश र शहरबाट गाउँमा फर्केर कृषिकर्ममा लागेका युवाले उत्पादन गरेका तरकारी र पशुपक्षी रैथाने किसानले उत्पादन गरेका कृषि उपज तथा पशुभन्दा उन्नत र फरक हुने गरेको यस क्षेत्रका व्यापारीले बताएका छन् । शहर र विदेशमा सिकेको सीप एवं प्रविधिको प्रयोग गरी गाउँमा कृषिकर्म गरेका युवा नयाँ उत्साहका साथ लागेको आफूले पाएको मङ्गला गाउँपालिका कृषि शाखाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो।

धान फल्ने १६ रोपनी खेतमा मालभोग र रानीजातका केराखेती गर्नुभएका दुर्गाबहादुरले कोरिया र काठमाडौंको रोजगारी र व्यवसायभन्दा आफ्नै गाउँको माटोमा गरिएको व्यवसायले बढी आनन्द दिएको बताउनुभयो। "पैसाको खोजीमा कहाँकहाँ भौतारिइयो, तर कतै पनि सन्तुष्ट हुन सकिएन", ५२ वर्षीय थापाले भन्नुभयो, "तर पैसाको सुगन्ध त आफ्नै माटोमा पो पाइँदोरहेछ।" उहाँ १४ वर्ष कोरियामा पोखेको पसिनाको मूल्यभन्दा गाउँमै गरेको श्रमको प्रतिफल निकै मीठो भएको बताउनुहुन्छ। थापाले जस्तै विदेश र शहर बसेर गाउँ फर्किएका धेरै युवाले गाउँको माटोमै पैसाको महत्व पाउन थालेको बताएका छन् । भारतको मुम्बईस्थित पाँचतारे होटलमा कुकको काम गरेका बगरफाँटका गणेश घिमिरे र युएईको एक होटलमा १० वर्षसम्म काम गरी गत वर्ष गाउँ फर्केर होटल व्यवसाय सञ्चालन गरेका राजु कार्कीले आफ्नै ठाउँमा सानो भए पनि व्यवसाय सञ्चालन गरेर त्यसबाट प्राप्त हुने आम्दानीको मज्जै बेग्लै हुने बताउनुभयो। घिमिरेले गाउँमा नै होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्नुभएको छ भने कार्कीले म्याग्दीको नयाँ पर्यटकीयस्थल लभ्लीहिलमा सञ्चालित लभ्लीहिल रेष्टुरेन्टमा कुकको काम गर्दै आउनुभएको छ । थापा, छन्त्याल, कार्की, घिमिरे, सापकोटा र फगामीजस्ता धेरै व्यक्ति अहिले शहर छाडेर गाउँमा फर्किनुभएको छ । गत वर्षदेखि महामारीका रूपमा फैलिएको कोरोना सङ्क्रमणको आशङ्कामा शहरमा रहेकाहरू गाउँ फर्किएपछि गाउँले नयाँ त्राण पाएको छ। यसले गर्दा गाउँमा निकै चहलपहल बढेको छ । विभिन्न पेशा/व्यवसाय तथा अध्ययनका लागि शहर बसेकाहरू फर्किएपछि गाउँको रूप फेरिएको छ । अरू बेला गाउँ आउँदा साथीभाइसँग भेटघाट गरेर गफिने र गाउँघर घुमफिर गर्ने अवस्था भने अहिले छैन । पछिल्लो समय वृद्धाश्रमजस्तो देखिने गरेको गाउँमा युवायुवतीको आगमनले खेतबारीको कर्ममा समेत ठूलो सहायता मिलेको छ । युवाहरू धमाधम गाउँ फर्किएपछि अहिले गाउँको स्वरुप नै फेरिएको बेनी नगरपालिका-२ ज्यामरुककोटका ८६ वर्षीय रणबहादुर घिमिरेले बताउनुभयो । "पहिला शून्यशून्य देखिने गाउँ अहिले भरिभराउ भएको छ", घिमिरेले भन्नुभयो, "आपत् विपत, सङ्कट र महामारीमा मानिसलाई गाउँ नै प्यारो लाग्दोरहेछ।" गाउँमा फर्केर आफ्नो १६ रोपनी खेत र बारीमा ५०० बढी मालभोग जातका केराका बिरुवा लगाउँदै गर्नुभएका बगरफाँटका दुर्गा थापाले गाउँमा सुरक्षा र आनन्द दुवै पाइने भएकाले शहरको त्रासलाई भुलाउन आफू गाउँमा आएको बताउनुभयो।

वर्षौंदेखि बाँझो रहेका खेतबारीमा अहिले हरियाली छाएको र उत्पादनमा वृद्धि हुने लक्षण देखिएको स्थानीय कृषकले बताएका छन् । कोरोनाका कारण उद्योग, शिक्षा, रोजगारलगायत धेरै क्षेत्र प्रभावित भएका छन्। तर कृषि र स्वास्थ्य क्षेत्रमा भने निकै सुधारका सङ्केत देखिएका सरोकारवालाको भनाइ छ।

# रुखमाथि बनेको 'घर' ले आकर्षण थप्दै

-कृष्ण न्यौपाने
दमौली, ३१ चैत

तनहुँको म्याग्दे गाउँपालिका-२ स्थित ज्यानटाङ सामुदायिक वनमा रुखमाथि बनिरहेको घरले सर्वसाधारण आकर्षित गरेको छ।

डिभिजन वन कार्यालय तनहुँको आर्थिक सहयोगमा हरियाली उद्यानभित्र निर्माणाधीन रहेको रुखको घरले सर्वसाधारणको ध्यान खिचेको हो । फागुनदेखि निर्माण शुरु भएको 'ट्रि हाउस' को काम ८५ प्रतिशत सम्पन्न भएको छ। निर्माणाधीन अवस्थामा नै यस ठाउँको अवलोकनका लागि सर्वसाधारण आउने गरेका छन्।

डिभिजन वन कार्यालय तनहुँका सहायक वन अधिकृत मनोज रानाभाटले निर्माणकै चरणमा रहँदा पनि दैनिक रुपमा सर्वसाधारण यहाँ आउने गरेको जानकारी दिनुभयो। "जिल्लामै नयाँ भएकाले यस ठाउँ सर्वसाधारणको गन्तव्यको रुपमा विकास भइरहेको छ," उहाँले भन्नुभयो। उद्यान निर्माणका लागि वन कार्यालयले रु १२ लाख ५० हजार आर्थिक सहयोग गरेको छ । त्यसमा सामुदायिक वनले २० प्रतिशत अर्थात् रु दुई लाख ५० हजार लागत सहभागिता बेहोरेको छ।

कूल १५ लाखको लागतमा उद्यान निर्माणको काम भइरहेको छ। चैतभित्रै काम सम्पन्न गर्ने लक्ष्य लिइए पनि काममा ढिलाइ भएको छ । सहायक वन अधिकृत रानाभाटका अनुसार ट्रि हाउसको काम सम्पन्न भए पनि उद्यानमा केही काम बाँकी छ । उद्यानमा रेलिङ हाल्ने, टायल विछ्याउने र बत्ती जडान गर्न बाँकी रहेको छ।

पृथ्वीराजमार्गबाट दुई सय मिटरको दूरीमा रहेको उक्त ठाउँलाई पर्यटकीयस्थल बनाउने उद्देश्य बमोजिम उद्यानका साथै रुखमा घर बनाइएको हो। "उक्त ठाउँलाई पर्यटकको आकर्षणको केन्द्र बनाउन उक्त योजना अगाडि सारेका हौं", उहाँले भन्नुभयो, "रुखमा नै घर तनहुँ जिल्लामै पहिलो भएकाले यसले सर्वसाधारणको ध्यान खिच्नेछ।" रुखलाई भित्र पारेर काठको घर निर्माण गरिएको छ । "दुई स्टेप बस्न मिल्ने गरी घर निर्माण गरिएको छ, पाँच/सात जना चढेर त्यहाँबाट दृश्यावलोकन गर्न मिल्नेछ," उहाँले भन्नुभयो। उक्त ठाउँलाई वनभोजस्थलको रुपमा विकास गर्ने योजना छ । राजमार्गबाट नजिकै भएकाले पनि यस ठाउँले चर्चा पाउने विश्वास गरिएको छ । डिभिजन वन कार्यालय तनहुँमार्फत् गत आर्थिक वर्षमा जिल्लाका तीन ठाउँमा उद्यान निर्माण गरिएको थियो।

भीमाद नगरपालिका-१ किहुँस्थित शिवशक्ति सामुदायिक वन, शुक्लागण्डकी नगरपालिकास्थित च्वयनधाम र ब्यास नगरपालिका-१४ स्थित छाब्दी बाराहीमा पर्यापर्यटन उद्यानका लागि वन कार्यालयले आर्थिक सहयोग गरेको थियो । चालू आर्थिक वर्षमा जिल्लामा छ वटा उद्यान निर्माण हुँदैछ।

सहायक वन अधिकृत अरुण पराजुलीले म्याग्देको ज्यानटाङसहित अन्य पाँच वटा उद्यान निर्माण गरिने जानकारी दिनुभयो।हरितपार्ककार्यक्रमअन्तर्गत भीमाद नगरपालिका-८ पिपलडाँडामा रु १२ लाख ५० हजारको लागतमा उद्यान निर्माण गरिनेछ । सामुदायिक वनमा पर्यावरण विकास सहयोग कार्यक्रमअन्तर्गत शुक्लागण्डकी नगरपालिका-१२ स्थित दलिमडाँडा सामुदायिक वन, म्याग्दे गाउँपालिका-१ स्थित वाराही सामुदायिक वनमा उद्यान निर्माण हुनेछ। त्यसका लागि वन कार्यालयले रु पाँच/पाँच लाख बजेट विनियोजन गरेको छ । त्यसैगरी भीमाद नगरपालिका-६ मा शहरी उद्यान निर्माण गर्नका लागि इष्टमेट सम्पन्न भएको र सम्झौता हुन बाँकी छ। सामुदायिक वनभित्र निर्माण भइरहेको उद्यानको मंगलबार गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले अवलोकन गर्नुभएको छ।

सो अवसरमा मन्त्री लम्सालले उक्त ठाउँ पर्यटकीय गन्तव्यको रुपमा विकास हुनेमा द्विविधा नरहेको बताउनुभयो।

पर्यटनबाटै प्रदेशको समृद्धि सम्भव रहेको र जिल्लामा निर्माण हुने यस्ता पर्यटकीयस्थलले उक्त लक्ष्य पूरा गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो।

# राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता

पोखरापत्र संवाददाता
बागलुङ, ३१ चैत

राष्ट्रिय परिचयपत्रका लागि बागलुङमा दुई हजार २०० जनाले आफ्नो व्यक्तिगत विवरण दर्ता गराएका छन्।

जिल्ला प्रशासन कार्यालय बागलुङमा हालसम्म दुई हजार २०० जनाले राष्ट्रिय परिचयपत्रका लागि आफ्नो विवरण दर्ता गराएको कार्यालयले जनाएको छ। सरकारले केही वर्षमा सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्यसहित काम अघि बढाइएको छ । कोरोनाका कारण केही ढिला गरी बागलुङमा परिचयपत्र दर्ताको काम शुरु भएको थियो। अहिले जिल्ला प्रशासनबाट मात्रै दर्ताको काम भइरहेको र आगामी केही महिनामा वडाबाटै तथ्याङ्क सङ्कलनको काम शुरु हुने जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत गणेश गौतमले जानकारी दिनुभयो । "अहिले जिल्ला प्रशासन कार्यालयको राष्ट्रिय परिचयपत्रको दर्ता शाखाबाट काम शुरु भएको हो, सरकारले देशभर परिचालन गर्न थप ५९ कर्मचारी खटाएको छ, केही महिनामा वडास्तरबाटै काम शुरु हुनेछ", गौतमले भन्नुभयो, "हालसम्म प्रशासनमा नागरिकता तथा राहदानी बनाउन आउनेले मात्रै परिचयपत्रका लागि आवेदन दर्ता गराएका छन् ।" धेरै विवरण सङ्कलन गर्नुपर्ने भएकाले प्रशासनबाट एक जनाको विवरण सङ्कलन गर्दा झण्डै ३० मिनेट समय लाग्ने प्रशासकीय अधिकृत गौतमको भनाइ छ। दश अङ्कको व्यक्तिगत परिचय नम्बर उल्लेख गरिने परिचयपत्र जारी गर्ने क्रममा नागरिकका ३० वटाभन्दा बढी व्यक्तिगत विवरण, औंलाको छाप, फोटो र आँखाको नानीको तस्बिरसहितका सूचना सङ्कलन गरिरहेको उहाँको भनाइ छ । राष्ट्रिय परिचयपत्रलाई नागरिकले आफ्नो नागरिकता, मतदाता परिचयपत्र, करसम्बन्धी अभिलेख, बैंकिङ कारोबार, सामाजिक सुरक्षा परिचयपत्रलगायतमा प्रयोग गर्न सक्ने भएकाले यसको प्रभावकारिता निकै राम्रो हुने सरोकारवाला बताउँछन्।

## सबैको लघुवित्त वित्तीय संस्था लि.

Sabaiko Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय : बन्दीपुर-१, डुम्रे, तनहुँ, फोन: ०६५-५८०४०७, इमेल: info@sabaikolaghubitta.com

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७७ को निर्देशन नं. ४.१(घ) बमोजिम मिति २०७७ चैत्र १४ गते सम्पन्न चौथो वार्षिक साधारणसभाबाट पारित आ.व. २०७६/७७ को वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण, पूँजीकोष तालिका र प्रमुख सूचकाङ्क अनुसारका विवरणहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशित ।

### २०७७ साल असार मसान्तको वासलात

(रु. हजारमा)

| पूँजी तथा दायित्व | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| १. शेयर पूंजी | २०६,०२७.२५ | १३३,४५०.०० |
| २. जगेडा तथा कोषहरु | १४,२८१.७७ | ९,१६९.४२ |
| ३. ऋणपत्र तथा बन्ड | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | १,४६०,४५५.६२ | १,१०८,०४३.०० |
| ५. निक्षेप दायित्व | ६०३,२७२.२३ | ४२७,५६५.५७ |
| ६. प्रस्तावित लाभांश | १,०३०.३८ | १,१२८.९५ |
| ७. आयकर दायित्व | ९६६.८४ | २१०.३८ |
| ८. अन्य दायित्व | २८,२३१.८७ | १४,९१३.०४ |
| **कूल पूँजी तथा दायित्व** | **२,३१४,२६५.९६** | **१,६९४,४८०.३५** |

| सम्पति | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| १.नगद मौज्दात | ३,४४८.७९ | २,०४६.२६ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – | – |
| ३.बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १११,५९९.१२ | २५,३७२.१४ |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | २०४,९९०.२६ | ५८,९७४.५५ |
| ५.लगानी | – | – |
| ६.कर्जा तथा सापट | १,९७१,६३६.६२ | १,५९२,३१९.२४ |
| ७.स्थिर सम्पत्ति | १६,२९६.४६ | १४,०४०.७७ |
| ८.गैर बैंकिङ्ग सम्पत्ति | – | – |
| ९.अन्य सम्पत्ति | ६,२९४.७१ | १,७२७.३९ |
| **कूल सम्पत्ति** | **२,३१४,२६५.९६** | **१,६९४,४८०.३५** |

### नाफा नोक्सान हिसाब (२०७६ श्रावण १ देखि २०७७ असार ३१ सम्म)

(रु. हजारमा)

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| १.व्याज आम्दानी | ३४३,०८१.२७ | २००,५१३.४२ |
| २.व्याज खर्च | १९५,०३३.५१ | १२२,४०३.७८ |
| **खुद ब्याज आम्दानी** | **१४८,०४७.७७** | **७८,१०९.६४** |
| ३.कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४७,८५८.०३ | ५४,७५३.१३ |
| ४.सटही घटबढ आम्दानी | – | – |
| **कूल सञ्चालन आम्दानी** | **१९५,९०५.८०** | **१३२,८६२.७७** |
| ५.कर्मचारी खर्च | ७८,२९७.५८ | ४९,१२३.७१ |
| ६.अन्य सञ्चालन खर्च | २९,०६९.६९ | २२,५८१.१५ |
| ७.सटही घटबढ नोक्सान | – | – |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **८८,५३८.५३** | **६१,१५७.९०** |
| ८.सम्भावित नोक्सानी व्यवस्थाहरु | ४७,१८०.९५ | १२,०८४.९३ |
| **संचालन मुनाफा** | **४१,३५७.५८** | **४९,०७२.९७** |
| ९.गैर सञ्चालन आम्दानी/खर्च | – | – |
| १०.सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | – | – |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **४१,३५७.५८** | **४९,०७२.९७** |
| ११.असामान्य कारोवारवाट भएको आम्दानी/खर्च | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा (नोक्सान)** | **४१,३५७.५८** | **४९,०७२.९७** |
| १२.कर्मचारी बोनस व्यवस्था | ४,१३५.७६ | ४,९०७.३० |
| १३.आयकर व्यवस्था | ११,११६.१५ | १३,४०४.०२ |
| यस वर्षको कर व्यवस्था | ११,७९८.३१ | १३,९६०.१९ |
| विगत वर्षसम्मको कर व्यवस्था | – | – |
| यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | (६८२.१६) | (५५६.१७) |
| **खुद नाफा/नोक्सान** | **२६,१०५.६७** | **३०,७६१.६५** |

### नगद प्रवाह विवरण (२०७६ श्रावण १ देखि २०७७ असार ३१ सम्म)

(रु. हजारमा)

| क्र.सं. | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| (क) | **कारोबार संचालनबाट नगद प्रवाह** | **(३११,२१७)** | **(६२९,९८५)** |
| १ | **नगद प्राप्ति** | **३९०,९३९** | **२५५,२६७** |
| १.१ | ब्याज आम्दानी | ३४३,०८१ | २००,५१३ |
| १.२ | अपलेखित कर्जाको असुली | – | – |
| १.३ | कमिशन तथा अन्य आम्दानी | ४७,८५८ | ५४,७५३ |
| २ | **नगद भुक्तानी** | **३५७,८२८** | **२१७,२०५** |
| २.१ | ब्याज खर्च | १९५,०३४ | १२२,४०४ |
| २.२ | कर्मचारी खर्च | ७८,२९८ | ४९,१२४ |
| २.३ | कार्यालय संचालन खर्च | ७३,४५५ | ३२,३७२ |
| २.४ | आयकर भुक्तानी | ११,०४२ | १३,३०६ |
| २.५ | अन्य खर्च | – | – |
| | **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **३३,१११** | **३८,०६२** |
| | **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(५२९,२१८)** | **(९८६,३१८)** |
| १. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | (१४६,०१६) | (४३,६८९.७९) |
| २. | अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | – | – |
| ३. | कर्जामा कमी/(वृद्धि) | (३७९,३१७) | (९४१,८४५) |
| ४. | अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (३,८८५) | (७८४) |
| | **सञ्चालन सम्बन्धी चालू दायित्वमा (कमी)/वृद्धि** | **१८४,८९०** | **३१८,२७२** |
| १. | निक्षेप दायित्वमा (कमी)/वृद्धि | १७५,७०७ | ३११,१११ |
| ३. | अल्पकालीन सापटीमा (कमी) /वृद्धि | – | – |
| ४. | अन्य दायित्वमा (कमी)/ वृद्धि | ९,१८३ | ७,१६१ |
| (ख) | **लगानी कारोवारमा नगद प्रवाह** | **(५,०५१)** | **(५,७४७)** |
| १ | दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | – | – |
| २ | स्थिर सम्पतिमा कमी/(वृद्धि) | (५,०५१) | (५,७४७) |
| ३ | दीर्घकालीन लगानीमा व्याज आम्दानी | – | – |
| ४ | लाभांश आम्दानी | – | – |
| ५ | अन्य | – | – |
| (ग) | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **४०३,८९८** | **६५५,६०५** |
| १. | दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | ३५२,४१३ | ६५५,६०५ |
| २ | शेयर पूँजीमा वृद्धि/(कमी) | ५३,००० | – |
| ३. | अन्य दायित्वमा वृद्धि/(कमी) | (१,५१५) | – |
| ४. | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | – | – |
| (घ) | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | – | – |
| (ङ) | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **८७,६३०** | **१९,८७३** |
| (च) | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | २७,४१८ | ७,५४५ |
| (छ) | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **११५,०४८** | **२७,४१८** |

### पूँजीकोष तालिका २०७७ साल असार मसान्त

(रु. हजारमा)

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **क. प्राथमिक पूँजी** | **२१८,४३२.०८** | **१४१,५६१.०६** |
| १. चुक्ता पूँजी (साधारण शेयर) | १८६,४५०.०० | ११२,०००.०० |
| २. प्रस्तावित बोनस शेयर | १९,५७७.२५ | २१,४५०.०० |
| ३. शेयर प्रिमियम | – | – |
| ४. फिर्ता नहुने अग्राधिकार शेयर | – | – |
| ५. साधारण जगेडा कोष | ११,५७०.८१ | ६,३४९.६७ |
| ६. सञ्चित नाफा/(नोक्सान) | २,१८४.७८ | ७६९.६४ |
| ७. वासलातमा देखाईएको चालु आ.व.को नाफा नोक्सान हिसाबको रकम | (२४५.२१) | १,४१५.१४ |
| ८. पूँजी फिर्ता जगेडा कोष | – | – |
| ९. पूँजी समायोजन कोष | – | – |
| १०. कल्स इन एडभान्स | – | – |
| ११. अन्य स्वतन्त्र कोषहरु | – | – |
| **घटाउने:** | – | – |
| - ख्याति (Goodwill) वापतको रकम | – | – |
| - स्थगन कर सम्पत्ति | (१,१०५.५५) | (४२३.३९) |
| - सीमाभन्दा बढी शेयर, सुरक्षणपत्रमा लगानी गरिएको रकम | – | – |
| - वित्तीय स्वार्थ रहेको कम्पनीको धितोपत्रमा लगानी गरेको रकम | – | – |
| - अवास्तविक सम्पत्ति | – | – |
| - यस बैंकको निर्देशन पालना नगरी स्वप्रयोजनका लागि घरजग्गा खरिद गरेको रकम | – | – |
| - प्रचलित ऐन तथा कानूनले प्रतिवन्ध गरेको व्यक्ति तथा समूहहरुलाई प्रदान गरेको कर्जा तथा सुविधाहरु | – | – |
| **ख. पुरक पुंजी** | **२६,५४२.५१** | **१६,२३४.४४** |
| १. असल कर्जाको लागि गरेको कर्जा नोक्सानी व्यवस्था | २६,५४२.५१ | १६,२३४.४४ |
| २. अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | – | – |
| ३. हाइव्रिड पूँजी उपकरणहरु | – | – |
| ४. सुरक्षण नराखेको सहायक आवधिक ऋण | – | – |
| ५. सम्पत्ति पुर्नमूल्याङ्कन कोष | – | – |
| ६. लगानी समायोजन कोष | – | – |
| ७. ग्राहक संरक्षण कोष | – | – |
| **ग. जम्मा पूँजीकोष (क+ख)** | **२४४,९७४.५९** | **१५७,७९५.५०** |
| **घ जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष** | – | – |
| पूँजीकोष (८ प्रतिशत) | १७३,६८०.२६ | १३१,४९०.४७ |
| प्राथमिक पूँजी (४ प्रतिशत) | ८६,८४०.१३ | ६५,७४५.२४ |
| **पूँजीकोष (अधिक/(न्यून))** (८ प्रतिशतले) | ७१,२९४.३३ | २६,३०५.०३ |
| **प्राथमिक पूँजी (अधिक/(न्यून))** (४ प्रतिशतले) | १३१,५९१.९५ | ७५,८१५.८२ |

### जोखिम भारित सम्पत्ति विवरण तालिका २०७७ साल असार मसान्त

(रु. हजारमा)

| (क) वासलात भित्रका सम्पत्तिहरु (On- Balance Sheet Assets) | भार | यस वर्ष रकम | यस वर्ष जोखिम भारित सम्पत्ति | गत वर्ष रकम | गत वर्ष जोखिम भारित सम्पत्ति |
|---|---|---|---|---|---|
| नगद मौज्दात | – | ३,४४८.७९ | – | २,०४६.२६ | – |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – | – | – | – | – |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | – | – | – | – | – |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | – | – | – | – | – |
| आफ्नै मुद्दती रसीदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्दती रसिद धितो कर्जा | – | – | – | – | – |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | – | – | – | – | – |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | – | – | – | – | – |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दति रसिदको दाबी (Claims) | २० | १११,५९९.१२ | २२,३१९.८२ | २५,३७२.१४ | ५,०७४.४३ |
| मागेको वखत प्राप्त हुने रकम (Money at Call) | २० | २०४,९९०.२६ | ४०,९९८.०५ | ५८,९७४.५५ | ११,७९४.९१ |
| अन्तर बैंक/संस्था सापटी | २० | – | – | – | – |
| शेयर, डिवेन्चर एवं बण्डमा भएको लगानी | १०० | – | – | – | – |
| अन्य लगानीहरु | १०० | – | – | – | – |
| कर्जा सापट (कूल रकम) | १०० | २,०३७,४९१.७२ | २,०३७,४९१.७२ | १,६१०,९९३.३९ | १,६१०,९९३.३९ |
| स्थिर सम्पत्तिहरु | १०० | १६,२९६.४६ | १६,२९६.४६ | १४,०४०.७७ | १४,०४०.७७ |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम (कूल पाउनु पर्ने ब्याज - सरकारी ऋणपत्र तथा बचत पत्रको ब्याज - ब्याज मुल्तबी) | १०० | १,२६६.३२ | १,२६६.३२ | – | – |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला बाहेक) | १०० | ५,०२८.४० | ५,०२८.४० | १,७२७.३९ | १,७२७.३९ |
| (क) जम्मा | | २,३८०,१२१.०६ | २,१२३,४००.७७ | १,७१३,१५४.५० | १,६४३,६३०.८९ |
| **(ख) वासलात बाहिरका कारोबारहरु (Off-balance sheet Items)** | | – | – | – | – |
| जमानत | १०० | – | – | – | – |
| अपरिवर्त्य कर्जा प्रतिवद्धता (Irrevocable Loan Commitment) | १०० | – | – | – | – |
| आयकर वापत सम्भावित दायित्व | १०० | – | – | – | – |
| Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १०० | – | – | – | – |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० | – | – | – | – |
| भुक्तानीको लागि दावी परेको जमानत | २०० | – | – | – | – |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | – | – | – | – |
| संचालन जोखिम वापतको रकम | १०० | ४७,६०२.४२ | ४७,६०२.४२ | – | – |
| (ख) जम्मा | | ४७,६०२.४२ | ४७,६०२.४२ | – | – |
| कूल जोखिम भारित सम्पत्ति (क+ख) | | २,४२७,७२३.४८ | २,१७१,००३.१९ | १,७१३,१५४.५० | १,६४३,६३०.८९ |

### प्रमुख सूचाङ्क विगत ५ वर्षको परिसूचकहरु

(रु. हजारमा)

| विवरण | सूचाङ्क | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|---|---|
| १. खुद नाफा/कूल आम्दानी प्रतिशत | प्रतिशत | १५.००% | १.३०% | १२.०५% | ६.६८% |
| २. प्रति शेयर आम्दानी | रु. | – | ०.७८ | २७.४७ | १४.०० |
| ३. प्रति शेयर बजार मूल्य | रु. | N/A | N/A | N/A | ८३२.०० |
| ४. मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | N/A | N/A | N/A | ५९.४२ |
| ५. शेयर पूँजीमा लाभांस (वोनस सहित) | प्रतिशत | N/A | N/A | १३.६८% | ११.०५% |
| ६. शेयर पूँजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | N/A | N/A | ०.६८% | ०.५५% |
| ७. व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | ०% | ६% | १२.०८% | १६.०१% |
| ८. कर्मचारी खर्च/कूल सञ्चालन खर्च | प्रतिशत | ५२% | ६५% | ६८.५१% | ७२.९२% |
| ९. कूल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | ०% | १% | ११.१४% | १०.०८% |
| १०. सटही घटबढ आम्दानी/कूल आम्दानी | प्रतिशत | N/A | N/A | N/A | N/A |
| ११. कर्मचारी बोनस/कूल कर्मचारी खर्च | प्रतिशत | N/A | १% | ९.९९% | ५.२८% |
| १२. खुद नाफा/कूल सापट | प्रतिशत | N/A | - | २.७०% | १.४०% |
| १३. खुद नाफा/कूल सम्पत्ति | अनुपात | ०% | ०% | २.५७% | १.३०% |
| १४. कूल कर्जा/निक्षेप | प्रतिशत | १००% | ५५९% | ३७७% | ३३८% |
| १५. कूल सञ्चालन खर्च/कूल सम्पत्ति | प्रतिशत | १% | २% | ५.९९% | ५.३६% |
| १६. जोखिम भारित सम्पत्तिमा पूँजीकोषको पर्याप्तता | | | | | |
| (क) प्राथमिक पूँजी | प्रतिशत | ४.५८% | १७% | ८.६१% | १०.०६% |
| (ख) पुरक पूँजी | प्रतिशत | – | १% | ०.९९% | १.२२% |
| (ग) कूल पूँजी कोष | प्रतिशत | ४.५८% | १८% | ९.६०% | ११.२८% |
| १७. तरलता (CRR) | अनुपात | – | १.००% | ०.५९% | ०.५९% |
| १८. निष्कृय कर्जा/कूल कर्जा | प्रतिशत | – | ०.०१% | ०.४५% | १.६१% |
| १९. व्याज दर अन्तर (Weighted Average Interest Rate Spread) | | – | ७.२१% | ६.६७% | ७.२७% |
| २०. बुक नेटवर्थ | रु. | ११२,११७.१९ | ११२,९८६.७१ | १४२,६१९.४२ | २२०,३०९.०२ |
| २१. कूल शेयर | संख्या | १,१२०,००० | १,१२०,००० | १,१२०,००० | १,८६४,५०० |
| २२. कूल कर्मचारी | संख्या | ६ | ८० | १६६ | २१७ |
| २३. अन्य | | | | | |

कोठाहरू तथा फ्ल्याट भाडामा

अफिस तथा निवास प्रयोजनको लागि उपयुक्त फ्ल्याट र कोठाहरू भाडामा छ ।

स्थान: भैरव टोल- २, पोखरा
सम्पर्क: ९८८०३०१२९३
९८८०३०१२९२